# शिवनाथ गाउँपालिका

## शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## शिवनाथ गाँउपालिकाद्धारा प्रकाशित

खण्डः ७ अंकः ०१ मिति २०८०/०४/३१ गते बुधबार

## भाग -२

कर्मचारी इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८०

शिवनाथ गाउँकार्यपालिकाको मिति २०८०/०४/३१ गतेको बैठकबाट स्वीकृत भएको " कर्मचारी इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८०" स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ (१) बमोजिम सार्वजनिक जानकारी लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

(२०८०)

गाउँकार्यपालिकाको स्वीकृत मिति २०८०/०४/३१

## कर्मचारी इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८०

**पृष्ठभूमिः**

प्रशासनिक खर्चमा मितव्यियताको साथै कर्मचारीको मनोबल उच्चराखी सरल, सहज र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन सुविधा सम्बन्धी मापदण्ड बनाउनु पर्ने आवशकता देखिएकोले यो मापदण्ड जारी गरिएको छ ।

### परिच्छेद - १
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क. यो मापदण्डको नाम कर्मचारी इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८० रहेको छ ।

ख. यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिले लागु हुनेछ ।

**२. परिभाषा र व्याख्याः-**

क. "कर्मचारी" भन्नाले शिवनाथ गाउँपालिकाको कार्यालयमा कार्यरत प्राविधिक र अप्रविधिक दुवै प्रकृतिका कर्मचारीलाई जनाउँछ ।

ख. "कार्यालय" भन्नाले शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

### परिच्छेद - २
### इन्धन सुविधा सम्बन्धी व्यवस्था

**३. ईन्धन सुविधाः-**

क. सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयमा आउने प्राविधिक तथा अप्राविधिक कर्मचारीलाई अनुसुची (१) बमोजिमको इन्धन सुविधा उपलब्ध हुनेछ ।

ख. निजी /सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले इन्धन सुविधा लिन चाहेमा आफुले प्रयोग गरेको सवारी साधनको ब्लु बुकको छायाँप्रति र सवारी चालक अनुमतिपत्रको प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ । ब्लुबुकको र सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी चालक अनुमतिपत्रको छायाँप्रति पेश नगरेसम्म इन्धन बापतको सुविधा उपलब्ध गराइने छैन ।यसरी अनुसुची (१) बमोजिमको इन्धन वाफतको रकम सम्बन्धित कर्मचारीको त.भ.संगै निकासा गरिनेछ र निकासा गरिने दिनको प्रचलित मूल्यलाई आधार मानेर भुक्तानी गरिनेछ ।

ग. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ ।

घ. मापदण्ड भन्दा बढी इन्धन आवश्यक भएमा कार्यालयले कार्यालयको विनियोजित बजेटको सीमाभित्र रही आवश्यक पुष्टयाईहरुका आधारमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउन सक्नेछ ।

ङ. चारपाङ्ग्रे वा सो भन्दा ठूला सवारी साधन संचालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ ।

च. अनुसूची (१) मा तोकिएको इन्धन सुविधा पाउने कर्मचारीलाई लगातार एक महिनाभन्दा बढी समय बिदामा बस्नुपरेमा सो अवधीको इन्धन सुविधा उपलब्ध गराइनेछैन ।

छ. तोकिएको कोटाको इन्धन सुविधा प्रत्येक महिना बुझिलिनुपर्नेछ ।

ज. अतिथि शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनुपर्नेछ ।

झ. इन्धन सम्बन्धी अभिलेख आन्तरीक व्यवस्थापन तथा खरिद शाखाले राखुपर्नेछ ।

## परिच्छेद - ३

## संशोधन र खारेजी

४. संशोधन र खारेजी:-

क. आवश्यकता अनुसार यस मापदण्डमा भएको व्यवस्था संशोधन गर्न सकिनेछ ।

ख. यस अघि यस शिवनाथ गाउँपालिका गाउँ कार्यापालिका द्वारा जारी गरिएको फिल्डमा खटिने प्राविधिक कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८० अनुसार दिईनेछ ।

### अनुसुची १

नियम ३ को उपनियम (क) संग सम्बन्धित

कर्मचारीको लागि मासिक इन्धन सुविधा

इन्धन **(पेट्रोल / डिजेल / मोबिल)**

| **क्र.स.** | **तह / पद** | **परिमाण (पेट्रोल)** | **परिमाण (डिजेल)** | **मोबिल** |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत छैटौं / सातौं / आठौं | २०. लि. | प्रयोग अनुसार | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि. |
| २ | अकिकृत छैटौं / सातौं / आठौं (मोटर साइकल/स्कुटर) | १५ लि. | - | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि. |
| ३ | वडासचिव सबै (मोटर साइकल/स्कुटर) | १० लि. | - | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि. |
| ४ | सहायकस्तर चौथो र पाचौं (मोटर साइकल/स्कुटर) | १० लि. | - | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि. |

आज्ञाले,

नरेन्द्र सिंह महता

प्रमुख प्रशासकीय अधिकृत